Energy & Water Ombudsman NSW
Free, fair and independent

# तपाईंसँग विद्युत, ग्यॉस कम्पनी वा खानेपानी संस्थासँग सम्बन्धित समस्या छ ?

**EWON आफूलाई सेवा दिने ऊर्जा कम्पनीसँग सम्बन्धित समस्या भएका न्यु साउथ वेल्सबासीहरूलाई सहायता प्रदान गर्छ । हामी कुनै कुनै खाने पानी संस्थानका ग्राहकलाई पनि सहायता प्रदान गर्छौं ।**

हाम्रो सेवा
निःशुल्क छ

हाम्रो सेवा
तटस्थ छ

हाम्रो सेवा
स्वतन्त्र छ

## तपाईं निम्न परिस्थितिबाट गुज्रिरहनुभएको छ?

- तपाईं आफ्नो वदियुत तथा खानेपानीको बलि बुझ्न सकरिहनुभएको छैन ?
- तपाईं आफ्नो बिल तिर्न सकिरहनुभएको छैन ?
- तपाईंसँग ऋण छ वा भुक्तानी गर्ने समस्या छ ?
- तपाईं आफ्नो सेवा काटिन्छ कि भनेर चिन्तित हुनुहुन्छ ?
- तपाईं आफ्नो सेवा प्रदायकको ग्राहक सेवाप्रति सन्तुष्ट हुनुहुन्न ?
- तपाईं खाता खोल्न वा बन्द गर्न सकिरहनुभएको छैन ?
- तपाईं आफूले तिरेको मूल्य बराबरको सेवा प्राप्त गर्न सकिरहनुभएको छैन ?

## हामी तपाईंलाई कसरी मद्दत गर्न सक्छौं ?

- हामी तपाईंको कुरा सुन्छौं र तपाईंलाई गर्नु पर्ने कुराको बारेमा सुझाव दिन्छौं
- तपाईंलाई दोभाषे चाहिन्छ भने हामी दोभाषेको व्यवस्था गरिदिन्छौं
- हामी तपाईंको सेवा प्रदायकको वरिष्ठ कर्मचारीलाई तपाईंलाई सम्पर्क गर्न लगाउन सक्छौं
- हामी तपाईंलाई चिताइएको परिणाम प्राप्त गर्न बार्ता गर्न सहयोग गर्छौं
- हामी तपाईंको उजुरीको बारेमा अनुसन्धान गर्न सक्छौं
- हामी आफूले तपाईंलाई सहयोग गर्न नसकेमा अन्य एजेन्सीसमक्ष तपाईंको समस्या राख्छौं

# बिल तिर्ने सहायता

- तपाईं समय मै बिल तिर्न सक्नुहुन्न भने सुरुमा आफ्नो सेवा प्रदायक कम्पनीलाई सम्पर्क गर्नुहोस्
- हामी बिल तिर्ने म्याद बढाइदिने प्रयास गर्न सक्छौँ
- हामी किस्ताबन्दीमा भुक्तानी गर्ने व्यवस्था गर्ने प्रयास गर्न सक्छौँ
- हामी तपाईंलाई बहनशीलता (affordability) सेवा प्राप्त गर्न सहायता गर्न सक्छौँ
- हामी तपाईंलाई बिल तिर्दा कसरी रकम बचत गर्ने भन्ने बारेमा सुझाव दिन्छौँ
- हामी तपाईंलाई उपलब्ध वित्तीय सहायताको बारेमा जानकारी दिन सक्छौँ

# उजुरीको समाधान गर्ने बारेमा सुझाव

- तपाईंसँग आफ्नो सेवा प्रदायकप्रति उजुरी छ भने तपाईंले उक्त सेवा प्रदायकलाई सम्पर्क गरेर आफ्नो कुरा राख्न पर्छ ।
- तपाईं आफ्नो साथी वा परिवारको सदस्यलाई आफ्नो पक्षबाट कुरा राख्न लगाउन सक्नुहुन्छ
- तपाईंलाई दोभाषेको आवश्यकता पर्छ भने आफ्नो सेवा प्रदायकलाई बताउनुहोस्
- आफ्नो प्राप्त गरेका पत्र, कुरा गरेका मान्छै तथा कुरा गरेको समय र मितिको अभिलेख राख्नुहोस्
- ग्राहक सेवा विभागको कर्मचारीले तपाईंको समस्या समाधान गर्न नसकेमा ती कर्मचारीको हाकिमसँग कुरा गर्नुहोस्
- समस्या अझै समाधान भएन भने हामीलाई सम्पर्क गर्नुहोस्

# हामीलाई सम्पर्क गर्ने तरिका

तपाईं कुनै दोभाषेको प्रयोग गरी हामीसँग कुरा गर्न सक्नुहुन्छ ।

**Translating and Interpreting Service** को टेलिफोन 131 450 मा टेलिफोन गरेर हामीसँग कुरा गर्न चाहेको कुरा बताउनुहोस्

तपाईं आफ्नो साथी वा परिवारको सदस्य, सामुदायिक कार्यकर्तालाई आफ्नो पक्षबाट हामीसँग कुरा गर्न लगाउन सक्नुहुन्छ

हाम्रो नि:शुल्क टेलिफोन: 1800 246 545

(तपाईं मोबाइलबाट कुरा गरिरहनुभएको छ भने हामीलाई बताउनुहोस् । हामी तपाईंलाई कल ब्याक गर्ने छौँ ।)

थप जानकारीका लागि वा अनलाइन उजुरी पेस गर्न हाम्रो वेबसाइटमा जानुहोस्

**www.ewon.com.au**